राप्ती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
(...................शिक्षा, युवा तथा खेलकुद शाखा...................)
☎ फोन नं. ०८२-४१३०७७
मसुरिया, देउखुरी-दाङ
लुम्बिनी प्रदेश, नेपाल
प.सं. २०७८/७९ च.नं. ६२ (शिक्षा)

मिति:२०७८/०५/२५

विषय: भौतिक उपस्थितिमा पठनपाठन सञ्चालन गर्ने सम्बन्धी विद्यालयहरुलाई निर्देशन।

श्री सामुदायिक तथा संस्थागत विद्यालय सबै
राप्ती गाउँपालिका देउखुरी-दाङ।

प्रस्तुत विषयमा, कोभिड-१९ रोगको संक्रमण,फैलावट दरमा पछिल्लो केहि हप्तादेखि राप्ती गाउँपालिकाभित्र कमी आएको, दाङ जिल्ला लगायतका लुम्बिनी प्रदेशका अन्य जिल्लाहरु तथा नेपालभर कोभिड-१९ को संक्रमणदरमा कमी आएको, अस्पताल भर्ना हुने संक्रमितको संख्यामा कमी आएको तथा मिति २०७८ वैशाख १७ गतेदेखि हालसम्म विद्यार्थीको सिकाइ सहजीकरण वैकल्पिक प्रणाली मार्फत हुँदै आएकोमा अपेक्षित रुपमा प्रभावकारी नदेखिएकोले प्रधानाध्यापकको मिति २०७८।०५।१७ गतेको बैठकबाट गाउँ शिक्षा समितिमा अनुरोध भई आएको र गाउँ शिक्षा समितिको मिति २०७८।०५।२३ गतेको बैठकबाट स्वास्थ्य सुरक्षाको मापदण्डको पूर्ण पालना गरी विद्यार्थीको भौतिक उपस्थितिमा कक्षा सञ्चालन सम्बन्धी आवश्यक निर्णयका लागि कार्यपालिकामा सिफारिस भएको, कार्यपालिकाको मिति २०७८।०५।२५ गतेको बैठकबाट DCMC को अनुमति वा स्वीकृति लिई स्वास्थ्य सुरक्षाका मापदण्डको पूर्ण पालना गरी मिति २०७८।०५।२८ गते सोमबारदेखि विद्यार्थीको भौतिक उपस्थितिमा कक्षा सञ्चालन गर्ने र उक्त कार्यका लागि निम्नानुसारको मापदण्ड स्वीकृत गरेकोले सोहि अनुसार व्यवस्था मिलाउनु हुन यस कार्यालयको मिति २०७८।०५।२५ को निर्णयानुसार यो निर्देशन जारी गरिएको छ। विद्यालयहरुले कक्षा सञ्चालन गर्नुपूर्व, सञ्चालनको अवधी तथा विद्यालय सञ्चालन पश्चात निम्नानुसारको कार्य गर्न गराउनु हुन अनुरोध छ।

तपसिल

१. विद्यालयहरुले कक्षा सञ्चालन पूर्व गर्ने कार्य

१.१ विद्यालय सञ्चालन पूर्व कक्षाकोठा, खेलमैदान, विद्यालय हाता, ल्याव, पुस्तकालय, शौचालय तथा खानेपानीका धारा लगायतको पूर्ण रुपमा सरसफाइ गर्ने व्यवस्था मिलाउने।

१.२. स्वास्थ्य सुरक्षाको मापदण्ड पालनाका लागि विद्यालय प्रवेश विन्दु (गेट) को आसपास उपयुक्त ठाउँमा ज्वरो चेक गर्ने, मास्क, सेनिटाइजर, व्यवस्थापन गर्ने तथा सरसफाइको लागि साबुन पानी उचित व्यवस्थापन गर्ने।

१.३ विद्यालय सञ्चालन भएको पहिलो हप्तामा विद्यार्थी संख्या अभिलेखिकरण (भर्ना) गर्ने, पाठयपुस्तक पुगे नपुगेको एकिन गर्ने, अभिलेखिकरण भई नसकेका विद्यार्थी भएमा अभिलेखिकरण गर्ने लगायतका कार्य गर्ने।

१.४ सिकाइ क्रियाकलाप सञ्चालन सम्बन्धी उपयुक्त ढाँचा, तरिका,शिक्षण विधि तथा मासिक कार्यतालिका निर्माण,प्रकाशन गर्ने र सो अनुसारको कार्ययोजना निर्माण गरी पेश गर्ने।

राप्ती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
☎ फोन नं. ०८२-४१३०७७
मसुरिया, देउखुरी-दाङ
लुम्बिनी प्रदेश, नेपाल
(..................................................)

प.सं. २०७८/७९ च.नं.

१.५ कोभिड-१९ रोगबाट सुरक्षित रहन अपनाउनु पर्ने सावधानीका विषयहरुको सन्दर्भमा शिक्षक कर्मचारीको संयुक्त बैठकबाट निर्णय गर्ने।

१.६ विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघसहितको बैठकको आयोजना गरी विद्यालय सञ्चालन सम्बन्धी निर्णय गर्ने।

१.७ अभिभावकसँग कबुलियती गर्ने,

१.८ विद्यालयले आवश्यक महसुस गरेका अन्य आवश्यक कार्यहरु गर्ने।

## २. विद्यालय कक्षा सञ्चालनको क्रममा गर्ने कार्य

२.१ नेपाल सरकार, लुम्बिनी प्रदेश सरकार राप्ती गाउँपालिका तथा विश्व स्वास्थ्य संगठनले तोकेका जनस्वास्थ्यका मापदण्डको पूर्ण रुपमा पालना गर्ने,

२.२ प्रत्येक विद्यार्थीले कक्षा सञ्चालन अवधीभर अनिवार्य रुपमा मास्क, फेसशिल्ड प्रयोग गर्ने,

२.३ शिक्षक तथा विद्यार्थी विद्यालयमा प्रवेश गर्दा अनिवार्य रुपमा ज्वरो मापन गर्ने, सावुन पानी वा स्यानीटाइजरले अनिवार्य रुपमा हात सफा गर्ने,

२.४ प्रत्येक शिक्षक तथा विद्यार्थीले कक्षाकोठामा प्रवेश गर्नुपूर्व र पठनपाठन पश्चात अनिवार्य रुपमा साबुन पानी वा सेनिटाइजरले हात धुने,

२.५ कुनै शिक्षक वा विद्यार्थीलाई अत्यधिक ज्वरो आएमा,खोकी लागेमा वा अन्य कुनै स्वास्थ्य समस्या देखिएमा स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सम्पर्कमा रहने। अत्यधिक ज्वरो आएमा ,खोकी लागेमा वा अन्य कुनै स्वास्थ्य समस्या देखिएमा स्वास्थ्यकर्मीको प्रत्यक्ष सम्पर्कमा रहि स्वास्थ्यकर्मीको सल्लाह बमोजिम अस्पताल वा घरमै आराम बस्ने व्यवस्था मिलाउने, स्वास्थ्यकर्मीले तोके बमोजिमका औषधीहरुको सेवन गर्ने,

२.६ सवारी साधन सञ्चालन गर्ने विद्यालयहरुले विद्यार्थीलाई सवारी साधनमा चढाउनु पूर्व र विद्यार्थी बाहिरिए पश्चात प्रत्येक पटक पूर्ण रुपमा सवारी साधन निर्मलीकरण गर्ने, सवारी साधनमा प्रवेश गर्नुपूर्व र सवारीसाधनबाट बाहिरिदाँ अनिवार्य रुपमा साबुन पानी वा सेनिटाइजरले हात धुने व्यवस्था मिलाउने,

२.७ कक्षामा विद्यार्थीको बसाई व्यवस्थापन गर्दा एक अर्का बीचको दुरी कायम गर्ने लगाउने।

२.८ स्वास्थ्य सुरक्षासँग सम्बन्धित सामग्रीहरुको व्यवस्थाको सन्दर्भमा सामुदायिक विद्यालयले पालिकाबाट प्रदान गरिएका स्वास्थ्य सुरक्षका सामग्री प्रयोग गर्ने र अपुग भएमा गत आ.व. उपलब्ध गराइएको रकमबाट सामग्रीको व्यवस्थापन गर्ने तथा संस्थागत विद्यालयहरुले अभिभावकहरुसँग समन्वय गरी सामग्रीको व्यवस्थापन गर्ने वा न्यूनतम शुल्क लिई सामग्रीको व्यवस्थापन गर्ने।

२०७८।५।१५

विश्वास वि.क.

राप्ती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
☎ फोन नं. ०८२-४१३०७७
मसुरिया, देउखुरी-दाङ
लुम्बिनी प्रदेश, नेपाल

प.सं. २०७८/७९ च.नं.

२.९ अनलाइन प्रणालीमा सबै विद्यार्थीको पहुँच नपुगेको देखिएकोले पुनःसबै विद्यार्थीहरुलाई हालसम्म पठनपाठन भएका विषयहरुसमेत पठनपाठन गराउने ।

२.१० पाठयक्रम विकास केन्द्रबाट स्वीकृत भएको पाठ्यक्रम र पाठ्यपुस्तक मात्र प्रयोग गर्ने ।

२.११ भौतिक उपस्थितिमा कक्षामा विद्यार्थीको व्यवस्थापन निम्नानुसार गर्नेः

क. पूर्व प्राथमिक कक्षा/ बालविकास कक्षाका विद्यार्थीलाई पहिलो ७ दिनसम्म विद्यालयमा नबोलाउने र अभिलेखिकरण(भर्ना) मात्र गर्ने ।

ख. कक्षा १-५ सम्म सञ्चालन भएका विद्यालयमा विद्यार्थी संख्या १०० जना भन्दा कम भएमा दैनिक रुपमा विद्यार्थी बोलाई कक्षा सञ्चालन गर्ने,

ग. कक्षा १-५ सम्म सञ्चालन भएका विद्यालयमा विद्यार्थी संख्या १५० जना वा सो भन्दा कम भएमा दुई सिफटमा सञ्चालन गर्ने,

घ. कक्षा १-५ सम्म सञ्चालन भएका विद्यालयमा विद्यार्थी संख्या १५० वा सो भन्दा बढि भएमा सिफ्ट बनाइ विद्यार्थीको रोल्नं अनुसार जोर बिजोर वा क्रम संख्यालाई आधार मानि बढी विद्यार्थी भएका कक्षामा मात्र प्रति कक्षा ३३% विद्यार्थी राखी कक्षा सञ्चालन गर्ने,

ङ. कक्षा ६-८ सम्म सञ्चालन भएका विद्यालयमा विद्यार्थी संख्या २०० वा सो भन्दा कम भएमा सिफ्ट बनाइ विद्यार्थीको रोल्नं अनुसार जोर बिजोर वा क्रम संख्यालाई आधार मानि बढी विद्यार्थी भएका कक्षामा मात्र प्रति कक्षा ३३% विद्यार्थी राखी कक्षा सञ्चालन गर्ने,

च. कक्षा ६-८ सम्म सञ्चालन भएका विद्यालयमा विद्यार्थी संख्या ३०० वा सो भन्दा बढि भएमा सिफ्ट बनाइ विद्यार्थीको रोल्नं अनुसार जोर बिजोर वा क्रम संख्यालाई आधार मानि कक्षामा मात्र प्रति कक्षा ३३% विद्यार्थी राखी कक्षा सञ्चालन गर्ने,

छ. कक्षा ९-१० सम्म सञ्चालन भएका विद्यालयमा विद्यार्थी संख्या १०० जना वा सो भन्दा कम भएमा दैनिक सञ्चालन गर्ने,

ज. कक्षा ९-१० सम्म सञ्चालन भएका विद्यालयमा विद्यार्थी संख्या १५० वा सो भन्दा कम भएमा सिफ्ट बनाई र विद्यार्थीको रोल्नं अनुसार जोर बिजोर वा क्रम संख्यालाई आधार मानि मात्र प्रति कक्षा ३३% विद्यार्थी राखी कक्षा सञ्चालन गर्ने,

झ. कक्षा ९-१० सम्म सञ्चालन भएका विद्यालयमा विद्यार्थी संख्या २०० वा सो भन्दा बढि भएमा सिफ्ट बनाइ विद्यार्थीको रोल्नं अनुसार जोर बिजोर वा क्रम संख्यालाई आधार मानि मात्र प्रति कक्षा ३३% विद्यार्थी राखी कक्षा सञ्चालन गर्ने,

ञ. कक्षा ११-१२ सम्म सञ्चालन भएका विद्यालयमा विद्यार्थी संख्या १०० जना वा सो भन्दा कम भएमा दैनिक सञ्चालन गर्ने,

२०७८/९/०४
विकास वि.क.

राप्ती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
(.........................................)
☎ फोन नं. ०८२-४१२०७७
मसुरिया, देउखुरी-दाङ
लुम्बिनी प्रदेश, नेपाल

प.सं. २०७८/७९  च.नं.

ट. कक्षा ११-१२ सम्म सञ्चालन भएका विद्यालयमा विद्यार्थी संख्या १५० वा सो भन्दा कम भएमा सिफ्ट बनाइ विद्यार्थीको रोल्न अनुसार जोर विजोर वा क्रम संख्यालाई आधार मानि मात्र प्रति कक्षा ३३% विद्यार्थी राखी कक्षा सञ्चालन गर्ने,

ठ. कक्षा ११-१२ सम्म सञ्चालन भएका विद्यालयमा विद्यार्थी संख्या २०० वा सो भन्दा बढि भएमा तीन सिफ्ट र विद्यार्थीको रोल्न अनुसार जोर विजोर वा क्रम संख्यालाई आधार मात्र प्रति कक्षा ३३% विद्यार्थी राखी कक्षा सञ्चालन गर्ने,

ड. माध्यमिक तह कक्षा ९-१२ को प्राविधिक धार तर्फको विद्यालयहरुको हकमा विद्यार्थीको संख्याका आधारमा मानि उल्लेखित बुँदाहरुलाई टेकेर कक्षा सञ्चालन गर्ने,

## ३. विद्यालय कक्षा सञ्चालन पश्चात गर्ने कार्य

३.१ कोभिड-१९ संक्रमण जोखिम नियन्त्रणका लागि स्मार्ट लकडाउन सम्बन्धी कार्यविधि २०७८ मा आधारित रहि मूल्याङ्कन, नतिजा प्रकाशन सम्बन्धी कार्य कार्यालयबाट जारी हुने निर्देशनका आधारमा गर्ने।

३.२ विद्यालयहरुको नियमित सरसफाइ गर्ने, शौचालयहरुको सरसफाइ दैनिक रुपमा गर्ने

३.२ कोभिड-१९ को संक्रमणको संख्या वृद्धि भई बालबालिका प्रत्यक्ष रुपमा प्रभावित हुने अवस्था आएमा त्यसरी प्रभावित भएका क्षेत्रका विद्यालयहरुलाई तत्काल सञ्चालनमा रोक लगाइने छ र उक्त अवधीमा हाल प्रयोगमा आएका वैकल्पिक प्रणाली मार्फत सिकाइ सहजीकरण सम्बन्धी प्रक्रिया अनुसार पठनपाठन सञ्चालन गरिनेछ।

विश्वास वि.क.
शाखा अधिकृत
विश्वास वि.क.
शाखा अधिकृत

बोधार्थ:

श्री जिल्ला प्रशासन कार्यालय, दाङ:

DCMC बाट कोभिड-१९ संक्रमण जोखिम नियन्त्रणका लागि स्मार्ट लकडाउन सम्बन्धी कार्यविधि २०७८ अनुसार अनुमति प्रदान गरिदिनु हुन।

श्री स्वास्थ्य शाखा, राप्ती गाउँपालिका:

राप्ती गाउँपालिकाभित्र सञ्चालनमा रहका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा अध्ययनरत बालबालिकाहरुमा सम्भावित कोभिड-१९ को संक्रमण र अन्य स्वास्थ्य समस्या आएमा पालिकाभित्रका आफ्नो सेवा क्षेत्रभित्रका विद्यालयहरुको नियमित सम्पर्कमा रहने स्वास्थ्य संस्थाहरुलाई निर्देशन प्रदान गरी सहयोग हुन।